राष्ट्रको सञ्चार
नेपाल टेलिकम
# Telecom Newsletter
नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

**Volume 20, Issue 5 No. 135 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Baishakh 2078 (April-May 2021)**

## नेपाल टेलिकमको साधारणसभा सम्पन्न, शेयरधनीलाई ४० प्रतिशत लाभांश




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारणसभा २०७७ चैत १३ गते सम्पन्न भएको छ । त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाडौमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७६।७७ को मुनाफा रकम मध्येबाट प्रति शेयर ४० रुपैयाँका दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको थियो ।

साधारणसभामा करिब ९२ प्रतिशत शेयरधनीहरुको उपस्थिति रहेको थियो । उक्त सभाले आर्थिक वर्ष २०७६/७७ को लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी पारित गरेको थियो ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट प्रकाशजंग थापा र चार्टर्ड एकाउण्टेण्ट पियुष आनन्दलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै पारिश्रमिक समेत तोकेको छ ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, निर्वाचन अधिकृतको कार्यालयका तर्फबाट निर्वाचन अधिकृतले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालकका रुपमा श्री अम्बिका प्रसाद पौडेल निर्विरोध निर्वाचित हुनुभएको भनी गरेको घोषणालाई साधारणसभाले अनुमोदन गरेको छ ।

सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत

*(बाँकी २ पेजमा)*

## दूरसञ्चार सेवाका बारेमा प्रतिनिधिसभाका माननीय सांसदहरुसँग वृहत् अन्तरक्रिया



नेपाल टेलिकमले प्रदान गरिरहेका दूरसञ्चार सेवाहरुका साथै नेपाल दूरसञ्चार प्राधिकरणको लगानीमा निजी क्षेत्रका सेवाप्रदायकले उपलब्ध गराएका इन्टरनेट सेवाको पहुँच, प्रवाह तथा गुणस्तरका सम्बन्धमा संघीय संसद, गरेका योजनाहरुको कार्यान्वयन गरी मुलुकका सम्पूर्ण जनतालाई अत्याधुनिक दूरसञ्चार सेवाको पहुँचमा ल्याउने लक्ष्य पूरा गर्नका लागि सो कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उहाँले डिजिटलाइजेसनको माध्यमबाट जनताको सहज जीवनयापनका लागि




प्रतिनिधिसभाका माननीय सांसदहरुसँग वृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । गत चैत १९, २० र २४ गते काठमाडौमा सम्पन्न कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङले डिजिटल नेपाल फ्रेमवर्कले निर्दिष्ट महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिरहेका निकायहरु नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमलाई मुलुकभर अत्याधुनिक सेवाहरु विस्तार गर्नका लागि थप सहज होस् भनी संघीय सांसदहरुसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो ।

*(बाँकी २ पेजमा)*

## नेपाल टेलिकमलाई उत्कृष्ट सेवाप्रदायक कम्पनी बनाऔं

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङले गत चैत १० गते नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित कम्पनीका प्रमुख आयोजनाहरुको हालसम्मको प्रगति समीक्षा तथा भावी योजनासम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल टेलिकम उत्कृष्ट सेवा प्रदायक बन्नु पर्ने र यसका लागि जेजस्ता सहयोग गर्न पनि मन्त्रालय तयार रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालक समितिका अध्यक्ष तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयन र समृद्ध नेपाल निर्माणका लागि नेपाल टेलिकम सबल र सक्षम भइरहनुपर्ने बताउनु भयो । सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीका प्रमुख आयोजनाहरु, तिनका प्रगति विवरणका साथै भावी योजनाका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । प्रस्तुतिमा कम्पनीको वित्तीय अवस्थादेखि सञ्चालनमा रहेका राष्ट्रिय गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजनाका बारेमा विस्तृत विवरण उल्लेख गरिएको थियो ।



सो अवसरका कम्पनीका निर्देशकहरु र आयोजना प्रमुखहरुले हालसम्मका प्रगति विवरण र भविष्यमा गर्नुपर्ने सुधारका सम्बन्धमा योजनाहरु प्रस्तुत गर्नुभएको थियो ।

(१ पेजको बाँकी)

# नेपाल टेलिकमको साधारणसभा ....

गर्दै कम्पनीको तेह्रौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदन प्रस्तुत गर्दै उहाँले शेयरधनी महानुभावहरूलाई आकर्षक प्रतिफल उपलब्ध गराउन र कम्पनीको वित्तीय स्वास्थ्य मजबुत बनाउन सञ्चालक समिति सधैं प्रतिबद्ध रहँदै आएको बताउनु भयो । उहाँले उपभोक्तावर्गको अपेक्षाअनुरूप किफायती, अत्याधुनिक र गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराई कम्पनीलाई सबल र अग्रणी संस्थाको रूपमा विकास गर्न शेयरधनीहरूबाट प्राप्त सहयोग, सद्भाव र सहकार्यका लागि सञ्चालक समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्नुभयो ।

उक्त समारोहमा अध्यक्ष बस्यालले भन्नुभयो, "दूरसञ्चार सेवालाई आर्थिक विकासको संवाहकको रूपमा स्वीकार गरिएको सन्दर्भमा कम्पनीले कर राजस्व संकलन, डिजिटल डिभाइड न्यूनीकरण, डिजिटल साक्षरता विस्तार, विद्युतीय सरकारको अवधारणा साकार पार्न लाग्नुको साथै ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट राष्ट्र निर्माणमा अतुलनीय योगदान पुर्‍याउँदै आएको छ । मूलतः कम्पनीको कुल आयको ५० प्रतिशतभन्दा अधिक हिस्सा आयकर, मूल्य अभिवृद्धि कर, सेवा शुल्क, रोयल्टी, लाभांश लगायत शीर्षकमा राजस्वको ढुकुटीमा जम्मा गर्दै आएको तथ्य म यहाँहरूलाई स्मरण गराउन चाहन्छु । लकडाउन अवधिमा कम्पनीले टपअपमा प्रदान गरेको शतप्रतिशत बोनस, जिरो ब्यालेन्स प्याकेज, मोबाइल इन्टरनेट सेवाको आधारभूत दरमा प्रदान गरिएको २७ देखि ३० प्रतिशतसम्मको छुट, कोरोना राहत कोषमा कम्पनीको तर्फबाट रु. १० करोड र कर्मचारीको तर्फबाट रू. २ करोड गरी जम्मा रू.१२ करोड योगदान गरेको छ । यसका साथै आर्थिक वर्ष २०७६/७७ मा कर तथा गैह्रकर वापत सरकारी राजस्वमा रू.३५ अर्ब ५ करोड बुझाउन कम्पनी सफल भएको छ ।"

कम्पनीले तुलनात्मक रुपमा लाभ नहुने विकट क्षेत्रहरुमा समेत स्याटेलाइट र अन्य प्रविधिको माध्यमबाट सेवा उपलब्ध गराइरहेको बताउँदै उहाँले कम्पनीले विश्वबजारमा उपलब्ध अत्याधुनिक दूरसञ्चार प्रविधि भित्र्याउनुका साथै मुलुकमा विद्यमान मुद्रास्फितिका बाबजुद आकर्षक महशुल दरमा सेवा उपलब्ध गराउँदै आएको बताउनु भयो । यी प्रयत्नहरू मूलतः राष्ट्र निर्माणप्रति मुखरित भएका र यी कदमहरूबाट पन्ध्रौं आवधिक योजनाले परिलक्षित गरेको डिजिटल नेपालको फ्रेमवर्क कार्यान्वयनमा टेवा मिल्ने अपेक्षा राखेको बताउनु भयो ।

महामारीको अवस्थामा मुलुकको शैक्षिक सत्रलाई पार्नसक्ने प्रभावलाई न्यूनीकरण गरी शैक्षिक संस्थाहरूमा किफायती मूल्यमा वैकल्पिक शिक्षा प्रणाली अगाडि बढाउन नेपाल टेलिकमले ह्याप्पी लर्निङ प्याक र पाठशाला सीयूजी सिम उपलब्ध गराएको र यसले विद्यार्थीहरुको पठनपाठनमा निकै सहयोग पुगेको उहाँले बताउनु भयो ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष बस्यालले भन्नुभयो, "कम्पनीले आधारभूत टेलिफोन, जीएसएम मोबाइल, सीडीएमए प्रविधिमार्फत भ्वाइस सेवा र एडीएसएल, लिज्ड लाइन, टुजी, थ्रीजी, फोरजी/एलटीई, वाइम्याक्स, एफटीटीएच प्रविधिमार्फत इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ । आ.व. २०७६/७७ को अन्तसम्ममा भ्वाइस सेवाको ग्राहक आधार करिब २ करोड पुगेको छ । त्यस्तै इन्टरनेट सेवाको ग्राहक आधार ९.९३ प्रतिशतले वृद्धि भई करिब १ करोड ५० लाख पुगेको छ । जीएसएम सेवा कम्पनीको राजस्वको प्रमुख मेरुदण्डीय आधारको रूपमा स्थापित भइसकेको छ भने कम्पनीको भविष्य इन्टरनेट सेवामा रहेको स्वीकार गर्दै चौथो पुस्ताको फोरजी/एलटीई सेवा विस्तारमा स्रोत/साधन परिचालन गर्दै आएको छ । कम्पनी विगतमा जस्तै समीक्षा अवधिमा भ्वाइस र इन्टरनेट सेवाको बजार हिस्सामा अग्रस्थान कायम गर्न सफल भएको छ । कम्पनीको भ्वाइस र इन्टरनेट सेवाको बजार हिस्सा क्रमशः ५२.६९ र ४८.६८ प्रतिशत पुगेको तथ्य अवगत गराउन चाहन्छु ।"

अनेकौं चुनौती एवं जोखिमका बाबजुद आ.व. २०७६/७७ मा कुल राजस्व र खुद नाफा क्रमशः रू. ४२ अर्ब ९९ करोड र रू. ९ अर्ब ७५ करोड कायम गर्न कम्पनी सफल भएको बताउँदै उहाँले सेवाको गुणस्तर स्तरोन्नती गर्न, ग्राहकवर्गको अपेक्षा सम्बोधन गर्न तथा प्रतिस्पर्धी मूल्यमा सेवा प्रवाह गर्न कम्पनी सदैव तत्पर रहेको बताउनु भयो ।

इन्टरनेट सेवामा आधारित दूरसञ्चार सेवा विस्तार गरी कम्पनीको राजस्व वृद्धि गर्न वायरलेस प्रविधिको फोरजी/एलटीई मोबाइल सेवाको विस्तार, एफटीटीएच सेवाको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ सेवाको विस्तार एवं सेवाहरूको गुणस्तर सुधार लगायतका कार्यहरूमा स्रोत/साधन केन्द्रीकृत गरेको बताउँदै मोबाइल फाइनान्सियल सर्भिस प्रदान गर्न कम्पनीले राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा सहायक कम्पनीको रूपमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड स्थापना गरेको जानकारी गराउनुभयो । कम्पनीको एफटीटीएच प्रविधिमा आधारित आइपीटीभी सेवा एनटीटीभी ब्राण्डमा उपलब्ध भइसकेको सन्दर्भमा एउटै तारबाट भ्वाइस, इन्टरनेट तथा टिभी उपलब्ध हुने भएकाले कम्पनीको व्यावसायिक जीवनमा उक्त सेवा कोसेढुङ्गा सावित हुने विश्वास लिएको उहाँले बताउनु भयो ।

कम्पनीका चालु तथा नयाँ आयोजनाहरु अन्तर्गत वायरलाइन, वायरलेस, सूचना प्रविधि तथा बिलिङ र ब्याकबोन प्रसारणतर्फ भइरहेका कार्यहरु बारेमा चर्चा गर्नुका साथै कम्पनीले गरेको लगानी विविधिकरणका बारेमा समेत उहाँले जानकारी प्रदान गर्नुभएको थियो ।

कम्पनीका अध्यक्षले साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न सुझावहरुको कार्यान्वयन नीतिगत र व्यावहारिक रुपले सम्भव भएसम्म गरिने प्रतिबद्धता व्यक्त गर्दै सुझावहरुप्रति आभार व्यक्त गर्नुभयो । कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले शेयरधनी महानुभावहरुले उठाउनु भएका केही विषयहरुमाथि थप प्रष्ट पार्नुभएको थियो ।

## दूरसञ्चार सेवाका बारेमा ...

(१ पेजको बाँकी)

कार्यक्रममा माननीयहरुले जिल्लामा विद्यमान सञ्चारसम्बन्धी विभिन्न समस्या र चुनौतीहरुका बारेमा विस्तृत विवरण प्रस्तुत गर्दै समाधानका लागि जनप्रतिनिधिहरुसँगको समन्वयमा सेवा विस्तार गर्नुपर्ने सुझाव राख्नुभएको थियो । सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका तथा दुई मुलुकका सीमाक्षेत्रका माननीयहरुले ती क्षेत्रमा मोबाइल सेवाको सिग्नल निकै कम मात्रामा उपलब्ध हुने कारण दूरसञ्चार सेवाको प्रभावकारितामा नकारात्मक असर परेको जानकारी दिनुभयो । उहाँहरुले जनसंख्यालाई मात्र नभएर भूगोललाई समेत प्राथमिकतामा राखी कम्पनीले गुणस्तरीय र दीगो दूरसञ्चार सेवा विस्तार गर्न सुझाव दिनुभएको थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजना तथा नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको व्यवस्थापनमा सम्पन्न भएको सो कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले ग्रामीण दूरसञ्चार कोषमार्फत मुलुकका विभिन्न स्थानमा उपलब्ध गराइएका इन्टरनेट सेवाका बारेमा विस्तृत जानकारी प्रदान गर्नुभएको थियो । नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीले प्रदान गरिरहेका सेवाहरु, प्रमुख आयोजनाहरुका अवस्था र आगामी आ.व.मा देशव्यापी रुपमा सम्पन्न गरिने सेवा विस्तारका योजनाहरु र प्रदान गरिने सेवाहरुका बारेमा समेत प्रष्ट्याउनु भएको थियो । उहाँले प्रतिनिधिसभाका सांसदहरुले प्रदान गर्नुभएका सुझावहरु र उठाउनु भएका समस्याहरुको सम्बन्धित सबै पक्षसँग समन्वय गरी योजना बनाएर व्यवस्थापन गरिने प्रतिबद्धता जनाउनु भयो । कार्यक्रममा कम्पनीका निर्देशकहरु, विभागीय प्रमुख र उच्च व्यवस्थापनका पदाधिकारीहरुको समेत सहभागिता रहेको थियो ।

# निर्धारित लक्ष्यहरू पूरा गर्दै नेपाल टेलिकम, अब 5G परीक्षण

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले प्रतिबद्धता अनुरुप नै कम्पनीले उपभोक्ताको रुची अनुसारका अत्याधुनिक दूरसञ्चार सेवाहरु तीब्र गतिमा विस्तार गरिरहेको र निकट भविष्यमै 5G को परीक्षण पनि गरिने बताउनु भएको छ ।

गत फागुन २० गते केन्द्रीय कार्यालयमा आयोजित कम्पनीको आर्थिक वर्ष २०७७/७८ को अर्ध वार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति समीक्षा कार्यक्रममा बोल्दै उहाँले अप्टिकल फाइबर विस्तारका योजना कार्यान्वयन, गुणस्तरयुक्त सेवा विस्तार र बजारीकरणमा जोड दिनुभयो । उहाँले कम्पनीका आगामी प्रमुख योजनाका रुपमा 5G को परीक्षण र वितरण, पालिकाका हरेक वडामा ब्रोडब्याण्ड इन्टरनेट, एफटीटीएच सेवाको विस्तार तथा डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनका लागि थप पूर्वाधारको विस्तार रहेको उल्लेख गर्नुभयो ।

समीक्षा कार्यक्रममा अधिकारीले पूर्व निर्धारित लक्ष्य र योजनाहरु प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, यस क्रममा देखिने कमी-कमजोरीहरु पहिचान गरी निराकरण गर्दै अझ उत्कृष्ट कार्यशैली अपनाएर निर्धारित समयमा सम्पन्न गर्नुपर्ने बताउनु भयो । उहाँले कम्पनीले पूर्वाधार सह-प्रयोग गर्ने नीति कार्यान्वयनमा ल्याउन लागेको पनि बताउनु भयो ।

प्रबन्धक निर्देशक अधिकारीले विगत वर्षका तुलनामा सेवाग्राहीलाई उपलब्ध गराउन सक्ने सेवाहरुमा बढोत्तरी भएको उल्लेख गर्दै सेवाहरुको बजारीकरण गरी कम्पनीलाई थप उचाइमा पुर्‍याउन जुट्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो । तीब्र प्रतिस्पर्धाको वातावरणलाई ध्यानमा राखी समयमै योजनाहरु पूरा गर्नेतर्फ पूर्ण क्षमताकासाथ खटिनुपर्ने र यसक्रममा थप अधिकार र श्रोत आवश्यक भए तिनका बारेमा समेत समन्वय गर्न उहाँले उच्च व्यवस्थापनका पदाधिकारीहरुलाई आग्रह गर्नुभयो ।

सो अवसरमा आयोजनाहरु समयमै सम्पन्न गरी गुणस्तरीय सेवा प्रभावकारी रुपले प्रदान गर्ने कम्पनीको मुख्य उद्देश्य रहेकाले सबै कर्मचारीहरु एकजुट भएर लाग्न निर्देशन समेत दिनुभएको थियो ।

समीक्षा कार्यक्रममा प्रमुख वित्तीय अधिकृत राजेन्द्र अर्यालले अर्धवार्षिक भौतिक तथा वित्तीय कार्य प्रगति विवरण प्रस्तुत गर्दै कम्पनीको कार्य सञ्चालन आयमा वृद्धि हुँदै गएको भएपनि बैंक तथा वित्तीय संस्थामा भएको लगानीबाट न्यून प्रतिफल प्राप्त भएकोले यसको बढोत्तरी सोचेअनुरुप हुन नसकेको बताउनु भयो । साथै आर्थिक वर्ष २०७७/७८ को लागि निर्धारित आय बजेटमा करीब ९० प्रतिशत लक्ष्य प्राप्त हुने जानकारी दिनुभयो ।

कार्यक्रममा ट्रेड युनियनका तर्फबाट नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादवप्रसाद पनेरु र नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र प्रसाद जोशीले विनियमावली पारित गरी कर्मचारीको वृत्ति विकासको अवसर निरन्तर सिर्जना गर्नुपर्ने बताउँदै सञ्चालक समिति, व्यवस्थापन र ट्रेड युनियन तथा सबै कर्मचारीको साझा प्रयासबाट मात्र संस्थाको भविष्य उज्वल हुने उल्लेख गर्नुभयो ।

समीक्षा कार्यक्रममा कम्पनीका विभिन्न विभाग तथा निर्देशनालय तथा आयोजनाका प्रमुखहरुले ६ महिनाको भौतिक तथा वित्तीय प्रगति विवरण प्रस्तुत गर्नुका साथै आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यका सम्बन्धमा योजनाहरु प्रस्तुत गर्नुभएको थियो । उहाँहरुले कोरोनाको कारण कतिपय पूर्व निर्धारित कार्यक्रमहरु संशोधन गर्नुपर्ने अवस्था आएको पनि बताउनु भयो ।

# पूर्वाञ्चल विश्वविद्यालय परिसरमा नेटवर्क विस्तार




पूर्वाञ्चल विश्वविद्यालय, गोठगाउँ परिसरमा मोबाइल सेवाको गुणस्तर सुधारका लागि 3G Micro BTS जडान गरी गत फागुन २३ देखि सञ्चालनमा ल्याइएको छ। त्यसैगरी चैत २५ गते परिसरभित्रै एफटीटीएच सेवा समेत शुभारम्भ गरिएको छ।

एक कार्यक्रमकाबीच प्रमुख अतिथि पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. यादवराज कोइरालाले कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई भिडियो कल गरी एफटीटीएच सेवाको शुभारम्भ गर्नुभयो। भिडियो कलमा उहाँहरुले सेवा प्रवाह र सहकार्यको चर्चा गर्दै सेवा जडान तथा सञ्चालनमा संलग्न प्राविधिकहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कोइरालाले कम्पनीका FTTH/PSTN/GSM सेवाहरुका अतिरिक्त Dedicated Lease सेवा विश्वविद्यालयले उपयोग गरिरहेको बताउनु भयो। उहाँले पूर्वाञ्चल विश्वविद्यालयले टेलिकमका नयाँ नयाँ सेवाहरु प्रयोग गरिरहने र संकटकालमा सिकाई प्रक्रिया जारी राख्न e-Shikshya /Happy Learning Package निरन्तर उपयोग गरिरहेको पनि उल्लेख गर्नुभयो। उहाँले कम्पनीका सेवाहरु शुभारम्भ गर्दा विश्वविद्यालयले Venue उपलब्ध गराएको बताउँदै उपलब्ध सेवाहरुको अविच्छिन्न निरन्तरताका लागि मर्मत सम्भारमा विशेष ध्यान दिन सुझाव दिनुभयो।

छोटो समयमा नै विश्वविद्यालय परिसरमा सञ्चालित 3G Micro BTS तथा FTTH सेवावाट विश्वविद्यालयको प्रशासनिक कार्य, शैक्षिक पठनपाठन तथा अनुसन्धानात्मक कार्य, प्राध्यापक एवं विद्यार्थी वर्गको सूचना प्रविधिमा सहज पहुँचका साथै स्थानीय गोठगाउँबासीहरुलाई समेत सूचना प्रविधिमा आबद्ध हुन सहयोग पुगेको बताउनुभयो।

प्रदेश नम्बर १ को प्रादेशिक राजधानी विराटनगरदेखि करिब ३० किलोमिटर दुरी तथा पूर्व-पश्चिम राजमार्गदेखि उत्तरतर्फ मोरङ जिल्लाको सुन्दरहरैंचा नगरपालिकामा ५४५ हेक्टर क्षेत्रमा स्थापित पूर्वाञ्चल विश्वविद्यालय, गोठगाउँ प्रदेशकै शैक्षिक केन्द्र रहेको छ।

## धनकुटाको सम्पूर्ण कपर नेटवर्क फाइबरमा प्रतिस्थापन




*दूरसञ्चार कार्यालय धनकुटाले सदरमुकाममा रहेको कपर नेटवर्कलाई फाइबर नेटवर्कले प्रतिस्थापन गरेको छ। जिल्लामा १,६६७ लाइन कपर तथा ६५४ लाइन एडीएसएल सञ्चालनमा रहेकोमा २०७६ असार ६ देखि एफटीटीएच वितरण प्रारम्भ गरिएको थियो। हाल १,६९० लाइन एफटीटीएच वितरण गरिएको छ। ती मध्ये १६२ लाइनमा भ्वाइस सेवा मात्र अन्यमा डाटा मात्र वा भ्वाइस र डाटा सेवा रहेको छ।*

*निरन्तर रुपमा कार्य क्षेत्रमा खटेर प्रतिस्थापन (Migration) कार्य गर्न सफल दूरसञ्चार कार्यालय, धनकुटा तथा संलग्न अन्य प्राविधिक कर्मचारीहरुलाई नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय विराटनगरका निर्देशक सूर्य नारायण मालाकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो। गत चैत २९ गते एक कार्यक्रमका बीच धनकुटा नगरपालिकाका मेयर चिन्तन तामाङको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो।*

## दुर्गम र विकट स्थानका वासिन्दालाई टेलिकमको मोबाइल सेवा




मुलुकभर सेवा विस्तारलाई प्राथमिकता दिँदै आएको नेपाल टेलिकमले दुर्गम र विकट क्षेत्रका वासिन्दाको सुविधालाई ध्यानमा राखी दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ। कम्पनीले हालै ओखलढुंगा जिल्लाको विकट र दुर्गम मानिने सेर्नामा थ्रिजी मोबाइल सेवाको शुरुवात गरेको छ। यसले सेर्ना गाउँपालिकाका ५ वटा वडाका वासिन्दाहरु प्रत्यक्ष रुपले लाभान्वित हुनेछन्। सो गाउँपालिकाका सेर्मा, भदौरे, रातमाटे, दियालेका साथै माम्खा गाउँको माथिल्लो भेगका करीब १३ सय घरधुरीका वासिन्दाले थ्रीजी सेवाबाट कुराकानी गर्न र इन्टरनेट चलाउन सक्नेछन्।

यसअघि नेपाल टेलिकमले सोलुखुम्बुको विकट स्थान ताक्सिन्दु र जुभुमा जीएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको थियो। नुम्बुर हिमालको काखमा रहेको दुधकुण्ड नगरपालिकाको ताक्सिन्दुस्थित ३ हजार १३० मिटर उचाईमा जीएसएम प्रविधिको बीटीएस टावर स्थापना गरी सो क्षेत्रका नुनथला, फुलेबी, सेरा, खरिखोला, जुबिङ र पैयाँ लगायत क्षेत्रका करिब ६ सय घरधुरी वासिन्दालाई मोबाइल सेवा उपलब्ध गराइएको हो। लुक्ला हुँदै नाम्चेसम्म पुग्ने पदयात्री यही रुट भएर जाने हुनाले यसबाट पर्यटकहरु समेत लाभान्वित हुने अपेक्षा गरिएको छ।

त्यसैगरी सोलुकै दुधकोशी गाउँपालिका वडा नम्बर ४ जुबु बलंगामा अर्को टावर पनि हालै सञ्चालनमा ल्याइएको छ। करिब १ हजार २३० मिटर उचाईमा रहेको यो टावरले सो क्षेत्र अन्तर्गत पर्ने देउसा, मुक्ली, कागेल, पञ्चन र जुभु गरी सो भेगमा रहेका ४ हजार घरधुरीलाई मोबाइल सेवा प्रदान गर्नेछ। सेर्ना, ताक्सिन्दु र जुभु भौगोलिक रुपमा ओखलढुंगा जिल्लाकै दुर्गम र विकट स्थानका रुपमा चिनिन्छन्।

## नेपाल टेलिकमद्वारा विद्यालयलाई फर्निचर हस्तान्तरण




जनता मावि होक्से




महेन्द्र शान्ति मावि बाल्कोट

नेपाल टेलिकमले विभिन्न विद्यालयहरुलाई फर्निचर हस्तान्तरण गरेको छ। कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत फर्निचर उपलब्ध गराएको हो।

गत २०७७ फाल्गुण ५ गते काभ्रेको पाँचखाल नगरपालिका वडा नम्बर ८ होक्सेस्थित श्री जनता माध्यमिक विद्यालय र फाल्गुण ११ गते भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नम्बर २ बाल्कोटस्थित श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयमा फर्निचर हस्तान्तरण गरिएको थियो।

श्री जनता माध्यमिक विद्यालयलाई कुर्सी १२ थान, टेबुल ३ थान र स्टिल र्‍याक ४ थान हस्तान्तरण गरिएको छ। त्यसैगरी महेन्द्र माध्यमिक विद्यालयलाई कुर्सी १५ थान, टेबुल ५ थान र दराज ३ थान हस्तान्तरण गरिएको छ।

दुवै कार्यक्रमका कम्पनीको प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक सरोज कुमार शाक्यले सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई ती सामग्री हस्तान्तरण गर्नुभएको थियो। सो अवसरमा प्रबन्धक शाक्यले कम्पनीले कमाएको नाफाको केही अंश सामाजिक कार्यमा खर्च गरिरहेको र आगामी दिनमा अन्य क्षेत्रमा समेत सहयोग विस्तार गर्दै लैजाने बताउनु भयो।

श्री जनता माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्रीभक्त खनाल र प्रधानाध्यापक ताराकृष्ण नेपाली तथा श्री महेन्द्र शान्ति माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलनाथ आचार्य र प्रधानाध्यापक गोपाल बिक्रम थापाले कम्पनीले गरेको सहयोग विद्यालयका लागि महत्वपूर्ण भएको र यसले विद्यार्थीहरुको पठनपाठनमा निकै नै सहयोग पुग्ने बताउनु भयो। उहाँहरुले कम्पनीको सेवाको बारेमा समेत चर्चा गर्दै आगामी दिनमा थप गुणस्तरीय सेवा उपलब्ध गराउने र विद्यालयलाई निरन्तर सहयोग प्राप्त भइरहने अपेक्षा समेत गर्नुभयो।

# स्प्रिङ अफरः डाटा सेवामा टेलिकमको आकर्षक छुट

नेपाल टेलिकमले नयाँ वर्ष २०७८ को अवसरमा ग्राहकहरुको सुविधालाई ध्यानमा राखी विभिन्न प्याकेज सहितको स्प्रिङ अफर (Spring Offer) सार्वजनिक गरेको छ । यस अफर अन्तर्गतका सेवाहरु २०७७ चैत ३१ गतेदेखि ९० दिनसम्म उपयोग गर्न सकिने छन् । यसअघि उपलब्ध विन्टर अफर अन्तर्गतका प्याकेजमा केही थप सुविधासहित स्प्रिङ अफर उपलब्ध गराइएको हो ।

नयाँ वर्षको अवसरमा कम्पनीका मोबाइल सेवाका ग्राहकहरुका लागि प्रतिदिन ५०० एमबी डाटा २८ दिनसम्म प्रयोग गर्न सकिने गरी कूल १४ जिबी डाटा अफर जम्मा रु. २९९ मा उपलब्ध गराइएको छ । स्प्रिङ अफर अन्तर्गत नै ग्राहकहरुको सुविधालाई ध्यानमा राखी जम्मा रु. १२५ मा सबै नेटवर्कमा १ जिबी र फोरजी नेटवर्कमा थप ३ जिबी गरी जम्मा ४ जिबी डाटा अफर ल्याइएको छ। ५ दिन प्रयोग गर्न सकिने यस अफरमा १०० मिनेट कुराकानी समेत गर्न सकिन्छ ।

साथै, २ घण्टासम्म असीमित डाटा प्रयोग गर्न सकिने गरी रु. ३० को अर्को अफर पनि थप गरिएको छ। यो अफर २४सै घण्टा कुनैपनि समयमा उपयोग गर्न सकिन्छ । नयाँ वर्षको अवसरमा कम्पनीका जिएसएम मोबाइल ग्राहकहरुका लागि जम्मा रु. २८० मा २८ दिनसम्म प्रयोग गर्न सकिने ४ जिबी डाटा अफर ल्याइएको छ। यो प्याक अन्तर्गत लिइएको ३ जिबी डाटा जुनसुकै समयमा र नेटवर्कमा प्रयोग गर्न सकिन्छ । यसैगरी डाटा प्याक अन्तर्गत नै जम्मा रु. ९५ मा १.५ जिबी डाटा प्रयोग गर्न सकिने अफर पनि उपलब्ध गराइएको छ । यो प्याक ७ दिनसम्म २४सै घण्टा प्रयोग गर्न सकिन्छ ।

सिडिएमए मोबाइल र वाइम्याक्स सेवाका ग्राहकहरु कम्पनीकै अन्य सेवामा रुपान्तरण हुने क्रम जारी रहेकोले ती सेवाका ग्राहकहरुका लागि विन्टर अफरका रुपमा उपलब्ध विभिन्न अफर र सुविधाहरुमध्ये सीमित अफरहरुलाई मात्र निरन्तरता दिइएको छ ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्ने छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।

# NTEAN को दोश्रो वार्षिकोत्सव सम्पन्न

सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले नेपाल टेलिकम सबल नभएसम्म र यसका सेवाहरु गुणस्तरीय भएर मुलुकभर विस्तार नभएसम्म स्मार्ट नेपाल र डिजिटल नेपालको सपना, संवृद्ध नेपाल र सुखी नेपालीको अभियान सफल हुन नसक्ने बताउनु भएको छ। नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठन (NTEAN) को दोश्रो वार्षिकोत्सवको अवसरमा उहाँले भन्नुभयो- त्यसैले कमजोर गुणस्तरको सेवालाई उच्च गुणस्तरको बनाऔं र मुलुकभर सेवाको विस्तार गरौं । सोही कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव हरिप्रसाद बस्यालले हामी प्रक्रियामुखी भयौं कि भन्दै अब परिणाममुखी हुनुपर्ने बताउनु भयो ।

गत चैत २७ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित संगठनको दोश्रो वार्षिकोत्सव समारोहमा आफ्ना भनाइहरु राख्दै कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले व्यवस्थापन, कर्मचारी र नियामक निकायसमेत समन्वय गरी अघि बढेमा नेपाल टेलिकमले अझ गुणस्तरीय र दीगो सेवा सजिलै मुलुकभर उपलब्ध गराउन सक्ने बताउनु भयो ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालको पनि उपस्थिति रहेको सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका नवनिर्वाचित सदस्य अम्बिका प्रसाद पौडेलले समग्र कम्पनी र कर्मचारीको हितका साथै शेयर होल्डरका पक्षमा समेत आफूले राम्रो काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । समारोहका सभापति एवं संगठनका अध्यक्ष यादव प्रसाद पनेरुले संगठनले सधैंभरी कर्मचारी र संस्थाको हितका लागि भूमिका निर्वाह गर्दै आएको र यसका लागि सबै ट्रेड युनियनहरुसँग कार्यगत एकता गरेर जानुपर्ने बताउनु भयो ।

कार्यक्रममा संगठनका सल्लाहकार तथा कम्पनीका निवर्तमान सञ्चालक समिति सदस्य राजबहादुर रावल, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र प्रसाद जोशी, नेपाल टेलिकम कर्मचारी युनियनका कार्यवाहक अध्यक्ष वीरेन्द्रलाल जोशीलगायतले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो । सो समारोहमा कम्पनीका उच्च पदाधिकारीहरु र कर्मचारीहरुको सहभागिता रहेको थियो

# एफटीटीएच सम्बन्धी पत्रकार अन्तरक्रिया कार्यक्रम

नेपाल टेलिकमले उच्च गतिको इन्टरनेट, भ्वाइस र टेलिभिजन समेत (अर्थात् Triple Play) चलाउन सकिने फाइबर टु द होम (एफटीटीएच) सेवाका बारेमा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । गत २०७७ चैत ६ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा विभिन्न सञ्चार माध्यममा आबद्ध सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले दीगो दूरसञ्चार सेवाका लागि अप्टिकल फाइबर केबलको देशव्यापी संरचना तयार पार्नु जरुरी रहेको बताउनु भयो । उहाँले चालु आर्थिक वर्षमा एफटीटीएचमार्फत मुलुकका अधिकांश भागमा फोन, इन्टरनेट र श्रव्यदृश्यको सुविधा समेत उपलब्ध गराउने योजना सार्वजनिक गर्नुभयो ।

सो अवसरमा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका प्रबन्धक शोभन अधिकारीले एफटीटीएच सेवा र यसको विशेषताका बारेमा विस्तृत जानकारी सहितको प्रस्तुतिकरण गर्नुभएको थियो । प्रबन्धक अधिकारीले प्राविधिक रुपमा उच्च गतिमा चलाउन पाइने र बिग्रिने दर पनि कम भएकाले ग्राहकहरुका लागि यो सेवा निकै नै प्रभावकारी हुने बताउनु भयो ।



कार्यक्रममा वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक अनन्तमान सिंहले एउटै लाइनबाट गुणस्तरीय आवाजसहितको टेलिफोन सेवा र तीव्र गतिको इन्टरनेट उपलब्ध हुने एफटीटीएच प्रविधिको सेवा मुलुकभर तीव्र गतिमा विस्तार गरिरहेको बताउनु भयो । नेपाल टेलिकमले चालु आर्थिक वर्षलाई एफटीटीएच वर्षका रुपमा लिंदै देशभर सेवा पुऱ्याउने र अधिकांश सेवाग्राहीहरुलाई यो सेवा उपलब्ध गराउने योजना अघि सारेको छ ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा

e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Rajesh Joshi Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal